फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्थुम
कोशी प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१०/१९

यस फेदाप गाउँपालिकामा तपशिल बमोजिमका पदमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको समयमा यस कार्यालयबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

बिज्ञापन नं.	पद	तह	माग संख्या	दस्तुर रकम रु.
०६-२०८०/०८१	क्षयरोगमुक्त अभियान कार्यक्रम संयोजक	अधिकृत छैठौं	१	१,०००।

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः
नेपाल सरकारबार मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य वा स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरि सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्नेछ ।
कम्प्युटर सम्बन्धी ज्ञान भएको ।
क्षयरोग नियन्त्रण कार्यक्रम सम्बन्धी अनुभव भएका उम्मेद्वारलाई प्राथमिकता दिईनेछ ।

२. संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरि देहाय बमोजिम कागजातको प्रतिलिपी ।
   - ✓ नेपाली नागरिकताको प्रमाणपत्र ।
   - ✓ शैक्षिक योग्यताको प्रमाणपत्र ।
   - ✓ परिषद् दर्ता प्रमाण पत्रको प्रतिलिपि
   - ✓ राजश्व तिरेको रसिदको सक्कल प्रति
   - ✓ तालिम तथा अनुभव सम्बन्धी कागजातहरु ।

३. परिक्षाको किसिमः लिखित, प्रयोगात्मक र मौखिक
४. पाठ्यक्रमः लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।
५. दरखास्त दिने ठाउँः फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्थुम ।
६. दरखास्त दिने प्रक्रियाः बुँदा नं. १ मा उल्लेखित कागजातहरु स्वयं प्रमाणित गरी तोकिएको दस्तुर यस गाउँपालिकाको राजश्व शाखा वा नविल बैक फेदाप शाखामा रहेको राजश्व खाता नं. २३२०१०१७५०००३९ मा जम्मा गरी सक्कल भौचर साथ आवेदन फारम भरी स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।
७. उमेरः २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
८. काम गर्नु पर्ने स्थानः फेदाप गाउँपालिकाको कार्यक्षेत्र भित्र ।
९. तलव भत्ता तथा अन्य सुविधाः सम्बन्धीत कार्यक्रमको कार्यविधि र फेदाप गाउँपालिकाको नियमानुसार ।
१०. परीक्षा मिति संक्षिप्त सूची प्रकाशन गर्दा तोकिनेछ ।
११. करार अवधिः २०८१ आषाढ समान्तसम्म रहनेछ ।
१२. नोटः यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु करार सेवा पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
१३. थप जानकारीको लागीः ९८५२०८०६००।

द्रष्टव्यः रितपुर्वक पेश नभएको तथा म्याद नागी दर्ता हुन आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन । छनोट समितिले मापदण्ड पुरा गरेका आवेदकलाई मात्र छोटो सुचीमा समावेश गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत